नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
आर्थिक तथा पूर्वाधार महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति :.........................

## काठमाडौं उपत्यकाको वायु प्रदूषण नियन्त्रणका लागि गठित द्रूत कार्यटोलीको पहिलो बैठकबारे प्रेस-विज्ञप्ति

काठमाडौं उपत्यकाको वायु प्रदूषण नियन्त्रणका लागि गठित द्रूत कार्यटोलीको पहिलो बैठक आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव महेन्द्रमान गुरुङको अध्यक्षतामा बस्यो । काठमाडौंको वायुको अवस्था सुधार गर्ने सम्बन्धमा कार्यटोलीले बृहत छलफल गर्यो र केही महत्वपूर्ण निर्णय गर्यो । खुल्ला रूपमा वायु दूषित हुनेगरी फोहोर बाल्ने र प्लास्टिकजन्य पदार्थहरु पोल्ने कार्य नियन्त्रण गर्न र बलेको पाइएमा उचित दण्ड दिने विषयमा महानगरपालिका तथा नगरपालिकाहरूले आवश्यक सूचना तत्काल सार्वजनिक गर्ने; ट्राफिक प्रहरीलाई काठमाडौं उपत्यकामा गुड्ने सवारी साधनहरुको प्रदूषण परीक्षण (Vehicle Emission Test) विषयक तालिम दिन वातावरण विभागले तत्काल थालनी गर्ने; अर्को बैठकमा आउँदा वातावरण विभागले धुलो बढी उड्ने स्थानहरुको निरीक्षण गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोको प्रतिवेदन दिने; वातावरण विभाग, स्वास्थ्य मन्त्रालय र महानगरपालिकाले सहकार्य गरी वातावरण प्रदूषण हुनुका कारण, त्यसबाट हाल मानव स्वास्थ्यमा परेको असर तथा अपनाउन सकिने उपायहरुबारे सार्वजनिक रूपमा प्रचार-प्रसारको कार्य गर्ने; तथा ग्रीन स्टीकर (Green Sticker) को प्रयोगलाई प्रभावकारी बनाउन तुरुन्त निरीक्षण थाल्ने र प्रदूषण मापदण्ड पूरा नगर्ने सवारी साधनलाई प्रचलित कानूनअनुसार कारवाही गर्ने निर्णय गरिएका छन् ।

कार्यदलको पहिलो बैठकमा सबै सम्बद्ध निकायहरुको प्रतिनिधित्व रहेको थियो ।

**२०७४ मङ्सिर १० गते आइतबार**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np